विषयवस्तुहरु

१. प्रथम नगरसभा सम्बन्धमा
२. स्थानीय राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा
३. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा
४. विविध ।

## निर्णय नं. १

२०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन पश्चातको यस नगरपालिकाको प्रथम नगरसभा मिति २०७९ असार १० गते बिहान १०:३० बजे वडा नं. ९ स्थित वाघभैरव वैक्युटमा गर्ने तथा सभामा प्रमुख अतिथी आमन्त्रण गर्न नगर प्रमुखज्यूलाई अख्तियारी दिने र उद्‌घाटन सत्रमा कीर्तिपुर क्षेत्रमा क्रियासिल राजनैतिक दलका प्रतिनिधिहरु, विभिन्न संघसस्थाका प्रतिनिधिहरु, पत्रकारहरु बुद्धिजिवी सहितको उपस्थितिमा शुभारम्भ गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

मिति २०७९/०२/२७ गतेको नगरकार्यपालिकाको बैठकको निर्णयानुसार गठित स्थानीय राजश्व परामर्श समितिको मिति २०७९/०३/०१ गते बसेको बैठकबाट नगरपालिकाको विभिन्न शिर्षक अन्तरगतका आन्तरिक श्रोततर्फको कुल आय रु. १७,५०,००,०००/- (सत्र करोड पचास लाख मात्र) अनुमान पेश भएकोमा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

मिति २०७९/०२/२७ गतेको नगरकार्यपालिकाको बैठकको निर्णयानुसार गठित स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०७९/०३/०२ गते बसेको बैठकबाट निर्धारण गरेको तपशिल बमोजिमको शिर्षकगत स्रोत अनुमान तथा नगरस्तरीय तथा वडा स्तरिय सीमा निर्धारणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | विवरण | रकम | कैफियत | |
|---|---|---|---|---|
| १ | श्रोतगत बजेट जम्मा | १,५३,०४,३२,१५०।०० | | |
| २ | बाँडफाँड गर्न नमिल्ने | ४०,१६,१५,१५०।०० | | |
| ३ | बाँडफाँड गर्न मिल्ने | १,१२,८८,१७,०००।०० | | |
| ३.१ | प्रशासनिक खर्च | २०,००,००,०००।०० | | |
| ३.२ | गत विगतका अल्या भुक्तानी | २५,००,००,०००।०० | | |
| ३.३ | समपुरक | ६,००,००,०००।०० | | |
| ३,४ | बाँडफाड हुने रकम | ६१,८८,१७,०००।०० | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३.५ | वडा स्तरीय | १७,००,००,०००।०० | | |
| ३.६ | नगर स्तरीय | ४४,८८,१७,०००।०० | | |

## निर्णय नं. ४

मिति २०७९/०२/२७ मा बसेको दोस्रो नगर कार्यपालिका बैठकमा भएका निर्णय कार्यान्वयन लगायत समग्र सेवा प्रबाहका सम्बन्धमा छलफल तथा समिक्षा गरियो ।

## निर्णय नं. ५

नगरपालिकाको स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तरगत सञ्चालित कीर्तिपुर खेलमैदान – आरसिसि रिटेनिङ्ग वाल निर्माण योजना अन्तरगत निर्माण भएको आरसिसि रिटेनिङ्ग वाल भत्केको विषयमा सत्यतथ्य छानविन गरि आजका मितिले १५ (पन्ध्र) दिनभित्र प्रतिवेदन पेश गर्न तपशिल वमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

क) वडा अध्यक्ष, वडा न. ९, श्री दिनेश श्रेष्ठ - संयोजक
ख) वडा अध्यक्ष, वडा न. १०, श्री नरेश महर्जन - सदस्य
ग) श्री विजयकुमार महर्जन - सदस्य
घ) श्री युजिना महर्जन - सदस्य
ङ) ई. श्री बरुण केसी - सदस्य
च) निर्माण व्यवसायी, श्री समन महर्जन - सदस्य
छ) ब. ई. श्री कृष्णभोला महर्जन - सदस्य सचिव

Scanned with CamScanner